दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
वर्ष ३६ | अंक २०६ | बुटवल | २०८१ साउन ०८, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday July 23, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउन् परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# लुम्बिनीको छैटौं मुख्यमन्त्रीमा आचार्य नियुक्त

**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नेकपा एमालेका नेता चेतनारायण आचार्य नियुक्त भएका छन्। प्रदेश प्रमुख अमिक शेरचनले एमाले संसदीय दलका उपनेता चेतनारायण आचार्यलाई संविधानको धारा १६८ को २ अनुसार मुख्यमन्त्री नियुक्त गरेका हुन्।

लुम्बिनी प्रदेशको छैठौं मुख्यमन्त्री बनेका आचार्यलाई एमालेका २९ र कांग्रेसका २७ सहित ५६ सांसदको समर्थन छ। ८७ सदस्यीय प्रदेशसभामा सरकार गठनको लागि ४४ मत चाहिन्छ।

अर्घाखाँची निर्वाचन क्षेत्र नं. १ 'क' बाट प्रदेशसभा सदस्यमा दोस्रो कार्यकालका लागि निर्वाचित नव नियुक्त मुख्यमन्त्री आचार्यले बुधबार पद तथा गोपनियताको सपथग्रहण गर्ने कार्यतालिका छ।

**को हुन् आचार्य ?**

बुवा टिकाराम आचार्य र आमा तारादेवी आचार्यको माइलो सन्तानको रूपमा वि.सं. २०२५ साल जेठ २१ गते अर्घाखाँची जिल्लाको सन्धिखर्क-९ अँधेरीमा जन्मिएका आचार्यले कानुन विषयमा स्नातक गरेका छन्।

२०३५ सालमा सिद्धार्थ माध्यमिक विद्यालय हंसपुरमा अध्ययन गर्दैगर्दा विद्यार्थी राजनीतिमा होमिएका आचार्य अनेरास्ववियूको प्रारम्भिक कमिटीको अध्यक्ष भएका थिए। जिल्ला सदस्य हुँदै बुटवल बहुमुखी क्याम्पसमा अध्यक्षको जिम्मेवारी सम्हाले। २०४६ सालमा इलाका कमिटी सदस्य, २०४७ सालमा पार्टी जिल्ला कमिटी सदस्य तथा सचिवालय सदस्य थिए।

२०५४ सालमा पार्टी जिल्ला सचिव ( जिल्ला पार्टी प्रमुख) भएर ११ वर्ष काम गरे। २०६५ सालमा अञ्चल कमिटी सदस्य हुँदै पुनः २०६९ सालमा पार्टीको जिल्ला अध्यक्ष भएर ९ वर्ष काम गरेको उनमा अनुभव छ। २०७८ सालमा पार्टीको केन्द्रीय सदस्य बनेका आचार्य अहिले दाङ जिल्ला इञ्चार्जको जिम्मेवारीमा छन्।

यसअघि शंकर पोखरेल नेतृत्वको प्रदेश सरकारमा आन्तरिक मामिला तथा कानुनमन्त्री, त्यसपछि एमाले नेता लिला गिरी नेतृत्वमा बनेको सरकारमा ग्रामीण खानेपानी तथा शहरी विकास मन्त्री भइसकेका छन्। माओवादी नेता जोखबहादुर महराको नेतृत्वमा बनेको सरकारमा आचार्य आर्थिक मामिला तथा योजना मन्त्री बनेका थिए।

आचार्य लुम्बिनी प्रदेशमा स्वच्छछवी भएको सक्षम नेताको रूपमा स्थापित छन्। उनी विकास प्रेमी हक्की नेताको रूपमा परिचित छन्। पार्टीलाई अप्ठ्यारो परेका बखत काँध थाप्ने र पारलगाउने आचार्य नेकपा एमालेमा भएको सहमतिअनुसार मुख्यमन्त्री बनेका हुन्।

एमाले लुम्बिनी प्रदेश संसदीय दलका नेता लिलागिरी मुख्यमन्त्री बन्ने समयमा आलोपालो मुख्यमन्त्री बन्ने सहमति भएकोले अहिले उपनेता मुख्यमन्त्री बनेको आचार्य आफैंले बताएका छन्। २०७९ सालको प्रदेशसभा निर्वाचनमा गठवन्धनका विरुद्ध प्रतिस्पर्धा गरी अर्घाखाँची प्रदेश क्षेत्र नं. १ बाट निर्वाचित आचार्य नेकपा एमाले संसदीय दलको उपनेता बनेका थिए।

साथै लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी उनले सम्हाले।



कानुन विषयमा स्नातक गरेका आचार्य पार्टीमा पूर्णकालिन भइ काम गरिरहेका छन्।

विभिन्न आन्दोलनहरूमा जेल जीवन समेत व्यतित गरेका आचार्यले क्यान्सर जस्तो भयानक रोगलाई समेत जितेर पार्टी काममा क्रियाशिल थिए।

पार्टी संगठनको काममा निरन्तर क्रियाशिल कुशल संगठक आचार्य पार्टी कार्यकर्ताबीच लोकप्रिय र प्रभावशाली नेताको रूपमा चिनिन्छन्।

उनका १ दाजु, २ भाइहरू, २ दिदीहरू र १ बहिनी छन्।

आचार्यको जीवनसंगिनी दीपा आचार्य अनेमसंघ अर्घाखाँची जिल्ला कमिटी अध्यक्ष र पार्टी जिल्ला कमिटी सदस्यको रूपमा क्रियाशील छिन् भने साइला भाइ खुबिराम आचार्य पार्टी जिल्ला कमिटी सदस्यको रूपमा पार्टी काममा क्रियाशील छन्। उनको १ छोरा सुवास आचार्य र १ छोरी सुप्रभा आचार्य छन्।

## बाढीपहिरोमा परी १३१ जनाको मृत्यु, ९ जना बेपत्ता



बुटवल। बाढीपहिरोलगायत विपद्का घटनाका कारण गत २८ जेठयता १३१ जनाको मृत्यु भएको छ। प्रहरीका अनुसार मनसुन सुरु भएयता देशका विभिन्न स्थानमा बाढी, पहिरोलगायतका विपद्मा परी ठूलो संख्यामा मानवीय क्षति भएको हो।

प्रहरीका अनुसार काठमाडौं उपत्यकामा २ जना, कोशी प्रदेशमा २२ जना, मधेश प्रदेशमा ५ जना, बागमती प्रदेशमा २५ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ७ जना र सुदूरपश्चिम प्रदेशमा ९ जनाको मृत्यु भएको छ।

काठमाडौं उपत्यकामा ९ जना, कोशी प्रदेशमा ३४ जना, मधेश प्रदेशमा ९ जना, बागमती प्रदेशमा ७ जना, गण्डकी प्रदेशमा २९ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा ३३ जना र सुदूरपशचिम प्रदेशमा १४ जना गरी जम्मा १ सय ४४ जना घाइते भएका छन्। घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ।

साथै कोशी प्रदेशमा ४९ जना, गण्डकी प्रदेशमा १२ जना र सुदूरपशचिम प्रदेशमा ५ जना गरी ६६ जनाको उद्धार गरिएको प्रहरीले जनाएको छ। बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, मधेश प्रदेशमा १ जना, बागमती प्रदेशमा २ जना, गण्डकी प्रदेशमा १ जना, लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपशचिम प्रदेशमा १ जना गरी ९ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी छ।

बाढीको कारण जम्मा १ सय ८२ घर डुबानमा परेका छन्। २ सय ३१ वटा घर, ८४ वटा गोठ, ४३ वटा पूल, २ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षती पुगेको छ। ५ सय ९४ वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट ४ हजार ४ घर परिवार विस्थापित भएका छन्। साथै बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम समेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्यसमेत प्रहरीले गरिरहेको छ।

## बोलबम धाममा एकैदिन ३० हजार तिर्थालु



**अनिता चौधरी**
*सैनामैना*

रूपन्देहीको सैनामैना नगरपालिका १ मा अवस्थित स्वयम् उत्पत्तिमान पर्रोहा परमेश्वर शिव ज्योतिर्लिङ्ग बोलबम धाममा श्रावण महिनाको पहिलो सोमबार श्रद्धालु भक्तजनहरूले भिडभाडका बीच पूजा गरेका छन्।

साउन महिना आराध्यदेव भगवान् शिवको प्रिय महिना रहेकाले विभिन्न तीर्थायात्राबाट वैधिक विधिबाट जल ल्याई पर्रोहा बोलबम धाममा पहिलो सोमबार एकै दिनमा करिब ३० हजारभन्दा बढी श्रद्धालु भक्तजनहरूले पूजाआराधना गरेका छन्।

श्रावणी मेला तथा जलार्पणअन्तरगत पहिलो सोमबार भएको कारण बिहानैदेखि भक्तजनहरूको घुइँचो लागेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामवली चौधरीले जानकारी दिए।

पश्चिमको पशुपतिनाथको नामले परिचित प्राचीन, धार्मिक एवम् ऐतिहासिक महत्व बोकेको पर्रोहा परमेश्वर शिव ज्योतिर्लिङ्ग बोलबम धाममा साउन महिनाको पहिलो सोमबार भक्तजनहरूको भिडभाडका कारण बिहानै चार बजेदेखि नै पूजाअर्चनाका लागि द्वार खोलिएको थियो भने बिहानैदेखि आएको वर्षाका बावजुत पनि व्यवस्थित तरिकाले श्रद्धालुहरूले दर्शन गरेको अध्यक्ष चौधरीले बताए।

बोलबम धाममा गुरुपूर्णिमा आइतबारदेखि सुरु भएको श्रावणी मेला तथा जलार्पण कार्यक्रमअन्तरगतको पहिलो पैदल यात्रा कपिलवस्तुको धार्मिक पवित्र तीर्थस्थल लक्ष्माणघाटबाट जल ल्याई सोमबार भक्तजनहरूले पर्रोहा बोलबम धाममा अर्पण गरेका छन्। अध्यक्ष चौधरीका अनुसार जलार्पण कार्यक्रमअन्तरगत दोस्रो यात्रा साउन १२ गते सैनामैना-३ मा अवस्थित धार्मिक क्षेत्र भैरवस्थान मन्दिर कालिरहबाट पैदाल यात्रा, साउन १५ गते नवलपरासीको त्रिवेणी धामका लागि यात्रा प्रस्थान गरी १८ गते बोलबम धाममा जल चढाउने कार्यक्रम रहेको छ भने साउन २२ गते म्याग्दीको गलेश्वरधाम यात्रा प्रारम्भ गरी साउन २४ धाममा जलार्पण गर्ने कार्यक्रम रहेको छ। यस्तै साउन ३० गते गुल्मी, पाल्पा र स्याङ्जाको संगमस्थल रिडी रूरू क्षेत्रतर्फ प्रस्थान गरी ३१ गते धाममा आइ जलार्पण गर्नेछन्।

» *बाँकी ३ पेजमा*



# सम्पादकीय

## फोहर व्यवस्थापन गर

देवदह नगरपालिका वडा नम्बर ६ स्थित बुद्ध सामुदायिक वन उपभोक्ता समूहको लौकेश्वरमा मनपरी फालिएको फोहर व्यवस्थापन नभएपछि स्थानीय बासिन्दाको आक्रोश बढेको छ । पाँच वर्षदेखि देवदह नगरपालिकाले लौकेश्वरमा फोहर फाल्दै आए पनि व्यवस्थापनमा पटक्कै चासो नदिएको स्थानीय बासिन्दाको गुनासो छ ।

फोहरमैला व्यवस्थापनको जिम्मेवारी लिएको नगरपालिकाले बस्ती नजिकैको वन क्षेत्रमा मनपरी फोहर फाल्ने र व्यवस्थापनमा ध्यान नदिने गैरजिम्मेवार काम हो । मनपरी फोहर फाल्दा त्यसको दुर्गन्ध बस्तीसम्म पुगेको छ । फोहर व्यवस्थापन गर्न प्राथमिकता नहुनु स्थानीय तहको कमजोरी हो । बुटवल उप-महानगरपालिकाले लामो समयदेखि तिनाउ नदी किनारमा फोहर फाल्दै आएको छ । नदी किनारको फोहर बर्खामा बाढीले बगाएर बस्तीसम्म पुऱ्याउन थालेको छ । खुला रुपमा फालिएको फोहरको दुर्गन्धको असर बस्तीसम्म पुगेको छ । सिद्धार्थनगरपालिकाले लामो समयदेखि डण्डा नदी किनारमा फोहर फाल्दै आएको छ । नदी आसपासको बस्तीका बासिन्दाले पटक-पटक फोहर नफाल्न माग गर्दै आन्दोलन गर्दै आएका छन्, तर नगरपालिकाले विकल्प दिन सकेको छैन । नदीलाई सफा राख्दा पर्यावरणीय सन्तुलन कायम हुन्छ । नदीलाई जोगाउन सक्दा भावी पुस्ताका लागि न्याय हुन्छ भन्ने चेत खुल्न सकेको छैन । अझ वन क्षेत्रलाई डम्पिङ साइट बनाउनु अर्को गम्भीर त्रुटि हो । वनमा खुला फोहर फाल्दा त्यसले पार्ने असर पटक्कै ख्याल गरिएको छैन । नकुहिने फोहर र कुहिने फोहर छुट्याएर व्यवस्थापन गर्न नसकिने होइन । हरेक घरबाट कुहिने र नकुहिने फोहर छुट्याएर फरक-फरक दिन संकलन गर्ने हो भने व्यवस्थापन गर्न सजिलो हुन्छ । कुहिने फोहरबाट जैविक मल बनाउन सकिन्छ । नकुहिने प्लाष्टिकजन्य फोहरबाट पुनः प्रयोग गर्न मिल्ने सामग्री बनाउन सकिन्छ । फोहर व्यवस्थापनको यो मोडलमा नगरपालिकाले सहकार्य गर्न सक्छन् ।

त्यसो त फोहरमैला व्यवस्थापनका लागि पटक्कै ध्यान नपुगेको पनि होइन । बुटवल उप-महानगरपालिकाले चरङ्गेमा आधुनिक खालको फोहरमैला प्रशोधन केन्द्र बनाउने गरी काम अघि बढेको थियो, तर स्थानीय बासिन्दाको अवरोधलाई व्यवस्थापन गर्नुको साटो उक्साउने प्रवृत्ति हावी हुँदा काम अघि बढ्न सकेन् । विकासका हरेक काममा भइरहेको राजनैतिकरण हुने प्रवृत्ति हावी छ । फोहरमैला व्यवस्थापन हुन नसक्नु यही प्रवृत्ति हावी हुँदा हो । फोहरमैला प्रशोधन गर्न सकिने भएकोले आधुनिक खालको प्रशोधन केन्द्र खोल्नका लागि अब ढिलाइ गर्न हुन्न । नदी किनार र वनमा फोहर फालेर वातावरणीय प्रदूषण बढाउने काम बन्द गरौं ।

# अर्थतन्त्रमा देखिएका अन्तरविरोध




डा.चन्द्रमणि अधिकारी

*संविधानको परिधिभित्र बसेर संशोधन गर्न पनि पछि पर्नु हुँदैन । कतिपय अन्तर्विरोधहरू व्यवहारिक मौद्रिक नीतिका माध्यमबाट पनि सुल्ट्याउन सकिन्छ । यी कुरा व्यवहारमै देखाउन सकेमा सरकारप्रति नागरिक आश्वस्त हुन्छन् । राज्यसत्ता र सरकारप्रतिको नकारात्मक सोँच क्रमशः सकारात्मक भएर जान्छ । विश्वासको वातावरण बनेर जान्छ । सरकारको छवि पनि राम्रो हुन्छ । फलस्वरूप जनता–सरकार सम्बन्ध प्रगाढ बन्दै जान्छ र त्यसको सकारात्मक नतिजा अर्थतन्त्रमा देखिन थाल्छ ।*

सरकारले लगानी अभिवृद्धि गर्ने, पुँजीगत खर्च बढाउने, श्रमशक्ति र जलविद्युत्को अधिकतम उपयोग देशभित्रै गर्ने, सञ्चित विदेशी मुद्राको प्रयोग कृषि, उद्योग तथा सेवा क्षेत्रको प्रवर्द्धन गर्नमा प्रयोग गरी अवसरको फाइदा लिने गरी कार्यक्रम ल्याउनु पर्छ । क्षेत्रगत उत्पादकत्व बढाउने, चालु खर्चमा मितव्ययी बन्ने, पुँजीगत खर्चको रकम र गुणस्तर दुवै पक्षमा बढोत्तरी गर्ने, वित्तीय अनुशासन कायम गरी स्रोतको प्रभावकारिता र दक्षता बढाउनेसमेतका रणनीतिक कार्यक्रम ल्याउन सक्नु पर्छ ।

यति बेला ज्वलन्त रूपमा उठ्ने गरेको प्रश्न हो, मुलुकको विद्यमान अर्थतन्त्रको अवस्था कस्तो छ ? यो महत्वपूर्ण र गर्नै पर्ने प्रश्न पनि हो । यसको उत्तर खोजी गर्दा अर्थतन्त्रका अहिलेका चरित्र र सूचकहरूको विश्लेषण गर्नुपर्ने हुन्छ । सूचकलाई नियालेर हेर्दा अर्थतन्त्रमा विरोधाभास प्रकृतिका चरित्र देखिएका छन् । अर्थतन्त्रका बाह्य र आन्तरिक सूचकबीच पनि द्वन्द्व छ । अर्थतन्त्रका बाह्य पक्षका सूचक सकारात्मक देखिएका छन् । अर्थतन्त्रका आन्तरिक सूचक कमजोर छन्; लगानी, उत्पादन, व्यक्तिको आय, सरकारको राजस्व आय र वैदेशिक सहयोगका सबै पक्षमा न्यूनता छ ।

२०८१ साल जेठ महिनासम्मको बाह्य पक्षतर्फको तथ्याङ्क हेर्दा विशेषतः विप्रेषण आप्रवाहमा १९.३ प्रतिशतले वृद्धि भएकाले वैदेशिक मुद्राको सञ्चिति १९६७ अर्ब पुगेको छ, शोधानान्तर स्थिति ४२६ अर्ब बचतमा छ, अघिल्लो वर्षको सोही अवधिमा घाटामा रहेको चालु खाता दुई सय अर्बले बचतमा रहेको देखिन्छ । बाह्य पक्षमा देखिएको सकारात्मक अवस्थाको उपयोग गरेर उच्च स्तरमा रहेको विदेशी मुद्रालाई आन्तरिक अर्थतन्त्र बलियो बनाउने कार्यमा उपयोग गर्न सकिएको छैन । यो बेलामा त त्यो स्रोतलाई औद्योगिक कच्चा पदार्थ तथा कृषि र परियोजनामा चाहिने यन्त्र-उपकरण एवं प्रविधि ल्याएर उत्पादन बढाउन र अधुरा संरचना पूरा गर्नमा लगाउन सक्नु पर्दथ्यो । अधिकांश वैदेशिक मुद्राको प्रयोग उपभोग्य वस्तु र सेवामा खर्च भइरहेको छ । विप्रेषण आप्रवाहको मुहानको साँचो रोजगारदाताको हातमा भएकाले यसको आप्रवाह सधैं यही रूपमा रहन्न, यो दिगो स्रोत होइन । त्यसमा पनि हामीले अदक्ष र काँचो श्रम बेचेर वैदेशिक मुद्रा ल्याएका हौं ।

श्रमशक्तिलाई उचित शिक्षा र सीप दिएर दक्ष बनाउने हो भने अहिले विदेशमा रहेका श्रमशक्तिको एक चौथाइ संख्याबाट नै अहिले बराबरको वैदेशिक मुद्रा प्राप्त गर्ने सम्भावना हुन्छ । बाँकी श्रमशक्तिबाट देशमै उत्पादन बढाएर त्यो उत्पादनको निकासी तथा बाहिरबाट हुने वस्तुको आयातलाई प्रतिस्थापन गरी विदेशी मुद्राको स्रोतलाई भरपर्दो र दिगो बनाउन सकिन्छ । हाम्रो ध्यान यस्तो रणनीतिक विकल्पतर्फ जान सकेन । वास्तवमा वस्तु तथा सेवाको निकासी, गुणस्तरीय बाह्य पर्यटन र वैदेशिक लगानी वैदेशिक मुद्राका भरपर्दा स्रोत हुन, भने दिगोपनको दृष्टिले विप्रेषण आय सहायक स्रोत हो । पछिल्ला दिनमा बाह्य पर्यटकको संख्या बढेको छ तर प्रतिदिनको खर्च रकम बढ्न सकेको छैन, गुणस्तरीय पर्यटनको कमी छ । कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान तीन प्रतिशतभन्दा कम छ । भ्रमणमा विदेश जानेहरूको संख्या बढ्दो छ । त्यसैले भ्रमण व्ययको रकम आयको रकमभन्दा करिब एक खर्बले बढी छ । अघिल्लो वर्षको ११ महिनामा अन्तर्राष्ट्रिय व्यापारमा निकासी तीन प्रतिशत र पैठारी १.८ प्रतिशतले घटेको छ । चीनतर्फको निकासीमा त ५७ प्रतिशतले कमी आएको छ । यी सबै कुराले समग्र अर्थतन्त्रमा सुस्ताएको तथा बाह्य क्षेत्रभित्र पनि द्वन्द्व र अन्तरविरोध रहेको पुष्टि गर्छ ।

बाह्य पक्ष अर्थतन्त्रको सन्दर्भ र सहायक पक्ष हो । मूल पक्ष आन्तरिक अर्थतन्त्र हो । अर्थतन्त्रलाई मानिसको शरीर र स्वास्थ्यसँग तुलना गर्दा बाह्य पक्ष हातपाखुरा हुन् । आन्तरिक पक्ष मुटु, कलेजो, फोक्सो र मिर्गौला हुन । आन्तरिक अङ्ग स्वस्थ छैनन् भने हातपाखुरा सधैं स्वस्थ र बलियो हुन सक्दैनन् । नेपालको अर्थतन्त्रको अहिलेको अवस्था यसै प्रकृतिको छ । बाह्य पक्ष बलियो रहेको अवस्थाको सकारात्मक प्रभाव आन्तरिक अर्थतन्त्रमा देखिन सकेको छैन । सरकारी, निजी र सामुदायिक तीन वटै क्षेत्रको लगानी अपेक्षाकृत ढङ्गले बढ्न नसक्नाले आर्थिक वर्ष २०७९/८० मा १.९ प्रशितले भएको आर्थिक वृद्धि आव २०८०/८१ मा पनि लक्षित वृद्धिभन्दा दुई प्रतिशतले तलै रहने अनुमान गरिएको छ । तेस्रो त्रैमासिकको वृद्धि २.२ प्रतिशत मात्र हुने प्रारम्भिक अनुमान छ । यो वृद्धि अघिल्लो वर्षको सोही अवधिको र त्यसै वर्षको दोस्रो त्रैमासको भन्दा कम हो । त्यसमा पनि निर्माण, उत्पादनमूलक उद्योग, खनिज र थोक तथा खुद्रा व्यापारको क्षेत्रको वृद्धि ऋणात्मक छ, निर्माण क्षेत्र ११ प्रतिशतले खुम्चिएको छ । सरकारको बजेटबाट पुँजीगत खर्च न्यून रहेको र बैंकिङ क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जा प्रवाहमा आएको सङ्कुचनको प्रभाव आर्थिक वृद्धि दरमा प्रतिविम्बित भएको छ । गत वर्ष पुँजीगततर्फ विनियोजित बजेट ३०२ अर्बमध्ये ६३ प्रतिशत मात्र खर्च भएको छ, जुन कुल खर्चको पुग नपुग १४ प्रतिशत हो । जबकि चालु खर्च र वित्त व्यवस्थापनतर्फ विनियोजित रकममध्ये क्रमशः ८३ र ८६ प्रतिशत बजेट खर्च भएको देखिन्छ । यसले सार्वजनिक स्रोतमध्येको अधिकांश रकम व्यवस्थापन खर्च र साँवाब्याज भुक्तानीमा गएको पुष्टि हुन्छ ।

सरकारको पुँजीगत बजेटको विनियोजन र खर्च दुवैमा कमी आउँदा त्यसको प्रभाव निजी क्षेत्रको लगानीमा परेको छ । गत वर्ष ११ प्रतिशतले कर्जा विस्तार गर्ने लक्ष्य लिइएकोमा ब्याजदरमा कमी आउँदा पनि पाँच प्रतिशतभन्दा माथि जान सकेको छैन । बैङ्कहरूमा लगानीको लागि पर्याप्त रकम छ तर कर्जा लिनेको कमी छ । पुँजीबजार पनि सुस्त छ । वैदेशिक लगानीको प्रतिबद्धतामा केही बढोत्तरी भए पनि खुद वैदेशिक लगानी ८.१६ अर्बले मात्र धनात्मक छ । अहिलेको लगानीको आवश्यकताको तुलनामा यो हात्तीको मुखमा जिरा जस्तै हो । आन्तरिक अर्थतन्त्रको अर्को महत्वपूर्ण पक्ष हो, मुद्रास्फीतिको दर । सालाखालामा हेर्दा मूल्यवृद्धिमा कमी आएको देखिन्छ ।

अघिल्लो वर्ष करिब सात प्रतिशतमा रहेको मूल्यवृद्धि २०८१ को जेठमा आइपुग्दा ४.१७ प्रतिशतमा झरेको छ । यसका पछाडि आन्तरिकभन्दा बाह्य कारणले बढी काम गरका छन्, भारतसमेतका देशमा मूल्यमा आएको कमीले यसमा प्रभाव परेको छ । उता आमजनताले भने मूल्य घटेको अनुभूति गर्न पाएका छैनन् । त्यसका पछाडि पनि खास कारण छन् । मध्यम तथा निम्न वर्गको आयको अधिकांश हिस्सा खानपिन, लत्ताकपडा, शैक्षिक सेवा र सामग्री तथा यातायातमा जान्छ । गत जेठ महिनाकै कुरा गर्दा औसतमा मूल्य घटेको देखिए पनि खाद्य तथा पेय पदार्थअन्तर्गत तरकारी, दाल र दालजन्य, खाद्य र खाद्यजन्य एवं चिनीजन्य उपसमूहको मूल्य

सातदेखि १६ प्रतिशतसम्म बढेको छ । गैरखाद्यतर्फ विविध वस्तु र शिक्षा उपसमूहको मूल्य छ देखि १२ प्रतिशतसम्म बढेको छ ।

एकातिर आयमा सङ्कुचन आउनु र अर्कातर्फ आफूले उपभोग्य आयको अधिकांश भाग खर्च गर्नुपर्ने बाध्यता तथा सेवाको मूल्यवृद्धि कायम रहनुले पनि आम जनताले मूल्य घटेको अनुभूति गर्न नसकेका हुन् । अब सरकारको आय पक्षमा हेर्दा गत वर्ष १४२२ अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा त्यसको ७२ प्रतिशत मात्र सङ्कलन भएको र करिब ५० अर्ब वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरिएकोमा अनुमानको ५.५ प्रतिशत मात्र प्राप्त हुन सकेको कारणले बजेट घाटा कुल खर्चको एकतिहाइ पुग्न गयो । यसको पूर्ति मूल रूपमा आन्तरिक ऋण लिएर गरियो, जसले अर्थतन्त्रमा निश्चित नै केही नकारात्मक प्रभाव पारेको छ, बजेटमा ब्याजको भार बढेको छ । एकातिर राजस्व परिचालन कम छ भने बक्यौता बढेको छ । वित्तीय अनुशासन कमजोर हुनाले बेरुजु अङ्क पनि बढेको छ ।

अर्थतन्त्रमा देखिएका यस्ता अनगन्ती चुनौतीको सम्बोधन गर्ने र देखिएका अन्तरविरोधलाई सच्याउने जिम्मेवारी अहिले बनेको सरकारको काँधमा आएको छ । त्यसैले यो सरकारले यस्ता विषयलाई गम्भीरतापूर्वक लिनु पर्छ । किनभने यी सबै विषय नागरिकको दैनिकी, विकास, व्यवसाय, सामाजिक न्याय र लोकतन्त्रको सुदृढीकरणसँग जोडिएका छन् ।

केही दिनमा नयाँ सरकारले न्यूनतम साझा कार्यक्रम पनि घोषणा गर्ला । सो कार्यक्रममा लगानी अभिवृद्धि गर्ने, पुँजीगत खर्च बढाउने, श्रमशक्ति र जलविद्युत्को अधिकतम उपयोग देशभित्रै गर्ने, सञ्चित विदेशी मुद्राको प्रयोग कृषि, उद्योग तथा सेवा क्षेत्रको प्रवर्द्धन गर्नमा प्रयोग गरी अवसरको फाइदा लिने, क्षेत्रगत उत्पादकत्व बढाउने, चालु खर्चमा मितव्ययिता गर्ने, पुँजीगत खर्चको रकम र गुणस्तर दुवै पक्षमा बढोत्तरी गर्ने, वित्तीय अनुशासन कायम गरी स्रोतको प्रभावकारिता र दक्षता बढाउनेसमेतका रणनीतिक कार्यक्रम ल्याउन सक्नु पर्छ । त्यसो गर्दा आवश्यक परेमा आइसकेको बजेटका नीति, कार्यक्रम, विनियोजन र राजस्वका क्षेत्रहरूमा पनि असल मनले संविधानको परिधिभित्र बसेर संशोधन गर्न पनि पछि पर्नु हुँदैन । कतिपय अन्तर्विरोधहरू व्यावहारिक मौद्रिक नीतिका माध्यमबाट पनि सुल्ट्याउन सकिन्छ । यी कुरा व्यवहारमै देखाउन सकेमा सरकारप्रति नागरिक आश्वस्त हुन्छन् । राज्यसत्ता र सरकारप्रतिको नकारात्मक सोच क्रमशः सकारात्मक भएर जान्छ । विश्वासको वातावरण बनेर जान्छ । सरकारको छवि पनि राम्रो हुन्छ । फलस्वरूप जनता-सरकार सम्बन्ध प्रगाढ बन्दै जान्छ र त्यसको सकारात्मक नतिजा अर्थतन्त्रमा देखिन थाल्छ ।

गोपबाट

# नेप्से परिसूचक सामान्य अंकले बढ्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको सुधार देखिएको छ । परिसूचक दुई दशमलव १५ अङ्कले बढेर दुई हजार चार सय ८८ दशमलव ०९ अङ्कमा कायम भएको हो ।

तीन सय नौ कम्पनीको तीन करोड ९७ लाख ५४ हजार सात सय ११ कित्ता शेयर एक लाख ७० हजार पाँच सय ५९ पटक खरिदबिक्री हुँदा रु १३ अर्ब ९१ करोड ५५ लाख ३५ हजार चार सय ४० बराबरको कारोबार भएको छ ।

बैङ्किङ एक दशमलव २३, विकास बैङ्क शून्य दशमलव ६३, होटल तथा पर्यटन शून्य दशमलव २१, लगानी शून्य दशमलव ४७, लघुवित्त शून्य दशमलव ५३ र निर्जीवन बिमा समूहको उपसूचक शून्य दशमलव ०६ प्रतिशतले घटेको छ । अरु समूहको उपसूचक बढेको छ । वित्त समूह शून्य दशमलव ७१, जलविद्युत् एक दशमलव ७४, जीवन बिमा शून्य दशमलव ०१, उत्पादन तथा प्रशोधन दुई दशमलव १६, म्युचुअल फन्ड शून्य दशमलव ७८, व्यापार एक दशमलव ८६ र अन्य समूहको उपसूचक एक दशमलव ४३ प्रतिशतले बढेको छ ।

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३६ करोड ९३ लाख ४८ हजार सात सय ४१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम-२ को १५ लाख ५६ हजार नौ सय ९५ कित्ता शेयर किनबेच भएको छ ।

# खाना पचाउने घरेलु उपाय

खाएको कुरा नपचेर हैरान हुनुभएको छ भने घरमै यस्ता प्रयास गर्न सक्नुहुन्छ ः

- अदुवाको एउटा टुक्रामा केही थोपा कागतीको रस र अलिकति बिरे नुन मिसाएर खाने गर्नुस् ।
- पुदिना, धनियाँ, हरियो खुर्सानी, अदुवा, कागतीको रस आदि मिसाएर बनाएको ताजा अचार खानासँग खाने गर्नाले पाचनशक्ति बलियो हुन्छ ।
- मनतातो पानीमा मह र कागतीको रस मिसाई खाली पेटमा खाने गर्नाले अपचको समस्या क्रमशः कम हुँदै जान्छ ।
- खाना राम्रोसँग पच्दैन भने खाँदाखेरि धेरै चपाएर खाँदा पाचन राम्रो हुन्छ ।
- पाचन बलियो नहुनुको मतलब तपाईंको कलेजो त्यति स्वस्थ छैन । त्यसैले मजिराजन्य पदार्थ छुँदै नछुनुस् । पाचन प्रणालीका लागि यो विषतुल्य हुन्छ । गाँजर, चुकन्दर, सागसब्जी र फलफूलजस्ता कलेजोलाई स्वस्थ बनाउने खाना हरेक दिने खाने बानी बसाल्नुपर्छ ।
- पाचनशक्ति कमजोर हुनेहरूको शरीरमा पानीको मात्रा कम हुन्छ । यसले पाचनक्रियालाई समेत असर गर्ने भएकाले पानी प्रशस्त पिउने गर्नुपर्छ ।
- बढी तनाव लिनुभयो भने पनि पेट ढुस्स फुल्ने, खाएको नपच्ने आदि हुन्छ । तनावले मन र दिमागलाई मात्र होइन, पाचनलगायत शरीरका समग्र प्रणालीलाई नै असर गरिरहेको हुन्छ । त्यसैले तनाव कम गर्न योग, प्राणायाम, ध्यान आदि गर्ने बानी बसाल्नुपर्छ ।



- आयुर्वेद चिकित्सकको सल्लाहमा घ्यूकुमारीको जुस खाने गर्नुहोस् ।
- अमला खाने गर्नाले पाचनशक्ति बलियो हुन्छ ।

स्वास्थ्य खबरबाट

# अवैध तस्करी रोक्न भैरहवा भन्सार कार्यालय सक्रिय




भैरहवा । खुल्ला सीमाका कारण सीमा क्षेत्रबाट दैनिकजसो अवैध सामान भित्रिन्छन् । बिना भन्सार सामान भित्रिँदा एकातर्फ राजस्व असुली प्रभावित भइरहेको छ भने स्वदेशी व्यापारी मर्कामा परिरहेका छन् ।

सीमा क्षेत्रबाट हुने अवैध तस्करी रोकी राजस्व चुहावट नियन्त्रण गर्न र वैध आयात-निर्यातलाई प्रोत्साहन गर्न पछिल्लो समय भैरहवा भन्सार कार्यालयले सक्रियता बढाएको छ। गत जेठ २९ मा भन्सार कार्यालयले लु १ च ४७९२ नं को पिकअप गाडी नियन्त्रणमा लियो । उक्त पिकअपमा अवैधरुपमा भित्र्याइएको रु १७ लाख बढीको बेल्ट, ब्रा र मोजा भेटियो । गाडीको मूल्य रु पाँच लाख कायम गरी सामान र गाडी जफत गरिएको कार्यालयका प्रमुख एवं भन्सार अधिकृत नारद गौतमले बताए ।

उक्त गाडीका चालक अब्दुल अन्सारी अहिले थुनामा छन् । भन्सारले गत जेठ १ गते २४ टन अवैध प्याजसहित ना ५ ख ५२७१ नं को ट्रक नियन्त्रणमा लिएको थियो । रु नौ लाख ६० हजार बराबरको उक्त प्याज र रु १२ लाख ट्रकको मूल्य कायम गरेर जफत गरिएको उनले जानकारी दिए । ट्रकसँगै नियन्त्रणमा लिइएका सुरज कान्दु थुनामा छन् भने नारायण भुसाल धरौटीमा छुटेका छन् । अवैध पैठारी रोक्न भन्सारले गरेका यी दुई प्रतिनिधिमूलक घटना हुन् । पछिल्लो समय सेवा प्रवाहसँगै भन्सारमा खटिएको टोलीले तस्करी निणन्त्रणमा सक्रियता देखिएको छ ।

रातदिनको गस्ती र सूचनाको सुक्ष्म निगरानीले सानादेखि ठूला अवैध चोरी पैठारीकर्ता धमाधम नियन्त्रणमा आइरहेका भन्सार अधिकृत गौतमले बताए । यो सफलताको पछाडि कार्यालयका सम्पूर्ण कर्मचारीको सामूहिक प्रयास रहेको उनको भनाइ छ ।

"नेतृत्वको हिसाबले टिम परिचालन प्रभावकारी रुपमा गरिएको छ", गौतमले भने-"बाँकी सबै सामूहिक प्रयासको नतिजा हो ।" उनले हेर्दा सानो परिमाणमा यस्ता अवैध निकासी पैठारीका काम देखिए पनि यसले राजस्व असुलीमा ठूलो असर गरिरहेको बताए ।

राजस्व वृद्धि गर्ने स्म्भावनाबारे अध्ययन गर्दा यो पनि एउटा कारण रहेकाले यसको नियन्त्रणमा लागिएको गौतमले जनाए । भन्सारको तथ्याङ्क अनुसार पछिल्लो नौ महिनामा भन्सार छली गरी अवैध बाटोबाट भित्र्याइएका रु तीन करोड ५९ लाख बढीको सामान बरामद गरिएको छ । अवैध सामान ओसारपसारमा प्रयोग भएका ट्रक, मिनी ट्रक, पिकअप र कार गरी १६ सवारीसाधन नियन्त्रणमा लिइएको छ । यीमध्ये जफत गरिएका सवारीसाधनबाट रु एक करोड ८३ लाख ७५ हजार राज्यकोषमा जम्मा भएको गौतमले जानकारी दिए । उनका अनुसार सूचना र नियमित निगरानीले दर्जन गोदाममा छापा मारेर सामान, ढुवानीको साधन र मानिस नियन्त्रणमा लिइएको हो । अवैध पैठारीमा संलग्न सात जना थुनामा छन् भने पाँचजना फरार छन् । केही धरौटीमा छुटेका छन् । आर्थिक वर्ष २०८०/८१ मा भन्सारले आफ्नै सक्रियतामा ६० बढी मुद्दा दर्ता गरेको भैरहवा भन्सार कार्यालयका सूचना अधिकारी नरेन्द्र चौधरीले जानकारी दिए ।

नियमित गस्तीसँगै धमाधम सामान र मानिस पक्राउ गर्न थालेपछि कयौं तस्करहरु रुपन्देहीका नाकाबाट कारोबार गर्न छाडेर कपिलवस्तु र पश्चिम नवलपरासीतर्फ लागेका उहाँको दाबी छ । नियमित काम र जनशक्ति अभावले मुख्य तस्करसम्म पुग्न अझैं नसकिएको उनले जानकारी दिए । पछिल्लो समय भन्सारले नियमित गस्ती र सूचनाको जानकारी लिन 'क्विक रेस्पोन्स टिम' नै बनाएर काम गरिरहेको छ । भन्सारले अवैध रुपमा भित्र्याइएका कपडा, चिनी, हार्डवेयर, सुर्ती, चुरोट, प्याज, स्टिम चामललगायत सामान सधैंजसो निणन्त्रणमा लिने गरिएको छ । भन्सारसँगै नेपाल प्रहरी र सशस्त्र प्रहरीले पनि सीमा क्षेत्रबाट करोडौंका सामान बरामद गरेका छन् । सीमा क्षेत्रमा तैनाथ सुरक्षाकर्मीको आँखा छलेर हुने तस्करी रोक्न गरिएको प्रयासले खस्किरहेको राजस्व वृद्धिमा टेवा पुऱ्याउने भन्सार कार्यालयले बताएको छ ।

# नीतिमा पारदर्शीता एवं उत्तरदायी बन्न जोड




बुटवल । रूपन्देही व्यापार संघको आयोजनामा सोमवार पछिल्लो परिवर्तित कर तथाभन्सार नीतिलगायतका विषयमा सम्बन्धित कार्यालयहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान कार्यालय, भैरहवा भन्सार कार्यालय र भन्सार एजेन्ट संघका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

संघको सभाहलमा आयोजित कार्यक्रममा व्यवसायीहरूले राज्यका तर्फबाट छोटोछोटो समयमा नै करका दर, नीतिहरू परिर्वतन गरिंदा त्यसले असहजता आउने गरेको बताउँदै दिर्घकालिन नीतिहरू तर्जुमा गर्न आग्रह गरेका थिए । उनीहरूले मुलुकमा औद्योगिक एवं व्यावसायिक वातावरण निर्माण गर्न तथा व्यापारमा सहजीकरणका लागि कुनै पनि नीतिहरू बन्नु पर्नेमा लहडका हिसाबले बन्ने गरेको गुनासो गर्दै प्रशासनिक रूपमा झेल्नु परेका अप्ठ्याराहरूलाई व्यवहारिक रूपमा समाधान गर्ने बाटो खोज्न सुझाएका थिए ।

पारदर्शी र असल अभ्यासको अभावले हाम्रा ऐन तर्जुमासँगैकार्यान्वयनमा पनि समस्याहरू देखिएको बताउँदै सहभागीहरूले प्रशासनबाट अनावश्यक दुःखदिने गरेको, गलत काम गर्नेलाई दण्ड र इमान्दारलाई पुरस्कारको व्यवस्था गर्ने कुरा राज्यबाट अवलम्बन हुन नसकेको बताएका थिए । उनीहरूले राज्यका अंगहरू उत्तदायीसँगै नीतिमा पारदर्शीता बनाइ व्यापारलाई सहज तथा सुरक्षित बनाउने कुरामा ध्यान दिन पनि आग्रह गरेका थिए ।

सो अवसरमा बोल्दै संघका पूर्व अध्यक्ष मोतीलाल पाण्डेले व्यवसायीहरू राज्यका नीति र विधिलाई सधैं पालना गर्ने समूह भएका कारण उनीहरूका समस्याप्रति राज्य गम्भीर बन्नु पर्ने बताए । राज्यका धेरै नीति र करहरू व्यवसायीमैत्री बन्न नसकेको बताउँदै पाण्डेले व्यवसायीहरूलाई जरिवाना र दण्ड गर्ने सोंच मात्र नराख्न आग्रह गरे । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै संघका अध्यक्ष दिपक अधिकारीले मुलुकको अर्थतन्त्र चलायमान बनाउन राज्यका नीतिहरू व्यवसायमैत्री बन्नु पर्ने र कार्यालयहरू जिम्मेवार हुनु पर्ने कुरामा जोड दिएका थिए । उनले राज्यका कर र नीतिमा देखिएका अस्थिरताले व्यवसायीहरूले सास्ती व्यहोर्नु परेको उल्लेख गर्दै राजस्व असुलीका नाममा सबै व्यवसायीलाई एउटै डालोमा हालेर हेर्ने सोंचमा परिर्वतन गर्न अनुरोध गरे ।

संघका अध्यक्ष दिपक अधिकारीको अध्यक्षता, महासचिव फर्सुराम पन्थको सञ्चालनमा भएको कार्यक्रममा भैरहवा भन्सार कार्यालयका भन्सार अधिकृत इश्वर थापा, राजस्व अनुसन्धान कार्यालयका अनुसन्धान अधिकृत होम पाण्डे र आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृत कमल सुवेदीले आ-आफ्ना कार्यालयका विषयवस्तुहरू राखेका थिए ।

# दुई हजार 'केयरगिभर' लैजान इजरायल सहमत

काठमाडौं । इजरायलले दुई हजार नेपाली श्रमिकलाई केयरगिभरका रुपमा रोजगारी दिन सहमति जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग सोमबार नेपालका लागि इजरायली राजदूत हनान गोदारले गरेको शिष्टाचार भेटमा इजरायलले नेपाली श्रमिकको संख्या वृद्धि गर्न सहमत भएको हो ।

हाल छनोटका चरणमा रहेका पाँच सय जना मुख्य उम्मेदवार र तीन सय वैकल्पिक उम्मेदवार गरी कूल आठ सय नेपाली श्रमिक इजरायल लैजाने भनिएकामा सो संख्या बढाएर एक हजार मुख्य उम्मेदवार र एक हजार वैकल्पिक उम्मेदवारगरी कूल दुई हजारसम्म नेपाली लैजान सकिनेगरी सहमति भएको मन्त्रालयका प्रवक्ता गोविन्दप्रसाद रिजालले जानकारी दिए ।



भेटमा द्विपक्षीय श्रम सम्बन्धमा विविध पक्षका साथै 'जिटुजी' प्रक्रियाअन्तर्गत केयरगिभरका रुपमा नेपाली श्रमिक इजरायल पठाउने सिलसिलामा भइरहेको छनोट प्रक्रियाबारे समेत छलफल भएको थियो । आगामी दिनमा कृषिलगायत अन्य क्षेत्रमा समेत नेपाली श्रमिक इजरायल लैजान सकिनेबारेमा समेत कुराकानी भएको प्रवक्ता रिजालले जानकारी दिए ।

सो क्रममा मन्त्री भण्डारीले नेपाल-इजरायलबीचको श्रम सम्बन्धका बारेमा सन्तोष व्यक्त गर्दै इजरायल-प्यालेष्टाइन द्वन्द्वमा हराइरहेका नेपाली विपिन जोशीको खोजतलास एवं वास्तविक अवस्थाबारे जानकारी र सकुशल फिर्ता गराउने विषयमा थप पहल लिन अनुरोध गरेका थिए ।

**कान्ति माध्यमिक विद्यालय**
बुटवल-४ रुपन्देही
लुम्बिनी प्रदेश नेपाल

**सूचीदर्ता गर्ने सम्बन्धी सार्वजनिक सूचना**

सूचना प्रकाशन मिति : २०८१।०४।०८

सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (तेस्रो संसोधन सहित ) को नियम १८ मा व्यवस्था भए अनुसार आर्थिक बर्ष २०८१।०८२ को लागि यस कान्ति माध्यमिक विद्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान आपूर्ति तथा विविध प्रकारका सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धीत कारोबार गर्न स्वीकृत प्राप्त अनुभवी इच्छुक फर्म,कम्पनी वा सप्लायर्सहरुले यस विद्यालयमा सूचीदर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**
१. मसलन्द स्टेशनरी,कार्यालय सामग्रीतथा शैक्षिक सामाग्रीहरु
२. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामान आपूर्ति तथा मर्मत (टेबल कुर्ची, डेस्क बेन्च, दराज, प्लाई ,फोरमाईका )
३. छपाई सम्बन्धी सम्पूर्ण (उत्तरपुस्तिका,क्यालेन्डर, ब्रोसर,शिक्षक तथा बिद्यार्थी डायरी,भरपाई लिफाफा,फाइबर झोला आदि)
४. कम्प्युटर,ल्यापटप,स्माट बोर्ड, प्रिन्टर खरीद
५. कम्प्युटर तथा प्रिन्टर मर्मत सम्बन्धी सामग्री(काटेज,मसी,रिवन,माउस,टोनर किवोर्ड,राउटर ,तार आदि)आपूर्ति
६. बिज्ञान प्रयोगशाला सम्बन्धी सामग्री आपूर्ति
७. टाई बेल्ट खरिद
८. इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सम्बन्धी सामग्री खरीद तथा मर्मत
९. प्लम्बिङ सम्बन्धी सामग्री खरीद तथा मर्मत
१०. सरसफाई सम्बन्धी सामग्री (हार्पिक फिनेल कुलिन) आदि
११. प्लाष्टिक सामग्रीहरु खरीद डस्विन, खानेपानी बोतल,बाल्टी ,जग आदी
१२.सवारी साधन मर्मत तथा स्पेयर पार्ट पुर्जा खरिद गर्न
१३.शिक्षक,कर्मचारी पोशाक कपडा आपूर्ति तथा सिलाई सम्बन्धी कार्य गर्न
१४.विद्यार्थी र शिक्षक परिचयपत्र छपाइ कार्य
१५.खेलकुद सामग्री
१६.खाद्यन्न सामग्री

**निवेदनकासाथ संलग्नहुनुपर्ने कागजातहरु :**
१.संस्था वा फर्म दर्ताको प्रमाणपत्र (नविकरण)
२.PAN/VAT मा दर्ता प्रमाणपत्र
३. आ.व २०७९।८० सम्मको कर चुक्ता प्रमाणपत्र

# झाडी फाँडेर चिया रोप्दै काठेखोला गाउँपालिका



गलकोट (बागलुङ) । यहाँको काठेखोला गाउँपालिकाले खेर गइरहेका वनक्षेत्र लगायतका झाडी फाँडेर चियाखेती सुरु गरेको छ। यसैवर्षमात्र थामानेटामा तीन रोपनी क्षेत्रफलमा चियाका बेर्ना रोपिएको छ।

थामानेटासहित पालिकाले रेश र धम्जामा ५५ रोपनी क्षेत्रफलमा यो वर्ष चियाखेती विस्तार गरेको हो। थामानेटाको जौछरे सामुदायिक वनको झाडी फाँडेर गाउँपालिकाले वन उपभोक्ताको सक्रियतामा चियाको बर्ना लगाएको छ। लोकमार्ग नजिकै रहेको थामानेटा एक प्रसिद्ध वनभोज स्थलका रुपमा परिचित छ । थामानेटामा अहिले 'भ्यू टावर' र आश्रयस्थललगायत संरचनासमेत निर्माण भइसकेका छन् । लोकमार्गका यात्रुहरुको विश्रामस्थलका रुपमा रहेको थामानेटामा चिया बगान निर्माण भएपछि पर्यटक बढ्ने अपेक्षा गाउँपालिकाको छ।

थामानेटा आएका पर्यटकलाई थप आकर्षित गर्न र उपभोक्ताको आयआर्जन वृद्धि गर्न यस क्षेत्रमा पहिलोपटक चियाखेती गरिएको काठेखोला गाउँपालिका-५ का वडाध्यक्ष ज्ञानमाथ कँडेलले जानकारी दिए । उनका अनुसार वडामा पहिलोपटक चियाखेती थाले पनि गाउँपालिकामा भने पहिलो होइन।

यसअघि काठेखोला गाउँपालिका-७ रेशमा पाँच वर्ष अघिदेखि चियाखेती भइरहेको छ। रेशको चियाखेती सफल भएपछि गाउँपालिकाले सम्भावित क्षेत्रमा चियाखेती विस्तार गर्न थालेको हो। रेशमा चियाखेती सफल भएपछि गाउँपालिकाले चियाखेती विस्तार गर्ने योजनाअनुसार विभिन्न वडाको ५५ रोपनी क्षेत्रफलमा चियाखेती लगाएको छ।

वडाध्यक्ष कँडेलका अनुसार थामानेटामा एक हजार पाँच सय चियाका बिरुवा पहिलोपटक रोपिएको छ । कँडेलले भने-"सामुदायिक वनमा आगामी वर्षसम्म १० रोपनी क्षेत्रफलमा चियाखेती लगाउने योजना छ, वडा कार्यालयले चियाखेती विस्तारमा सघाउने लक्ष्य छ।"

काठेखोला गाउँपालिका-७ रेशमा निजी, विद्यालय र सार्वजनिक जग्गामा गरी एक सय ४० रोपनी क्षेत्रफलमा चियाखेती विस्तार भइसकेको छ । रेशमा पाँच वर्षअघि लगाइएका एक हजार पाँच सय चियाका बिरुवाले उत्पादन दिन थालिसकेको छ । चियाखेती गाउँपालिकाभर विस्तार गर्ने लक्ष्य रहेको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए । उनले आर्थिक वर्ष २०८०/८१ मा रेशसहित थामानेटा र धम्जामा चियाखेती विस्तार गरिएको बताए।

गाउँपालिकाले चियाखेती विस्तारका लागि रु ११ लाख बजेट विनियोजन गरेको थियो । बिहुँको थामानेटामा झाडी फाँडेर चियाखेती थालिएको छभने रेश र धम्जाका सामुदायिक विद्यालयको बाँझो जग्गालाई चिया बगैँचा बनाउन थालिएको थापाको भनाइ छ।

रेशमा उत्पादित चियाले बजार पाउन थालेपछि अन्यत्रको बाँझो तथा खाली जग्गामा चियाखेतीमा गाउँपालिकाले अग्रसरता देखाएको काठेखोला गाउँपालिका-७ रेशका वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिए। रासस

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही

मितिः २०८१/०४/०७ को

**सुनचाँदीको बजारभाउ**

छापा सुन प्रति तोला : १,४६,७००

तेजावी सुन प्रति तोला : १,४६,०००

चांदी प्रति तोला :१,८४०

## बोलबम...

स्वदेशका पवित्र तीर्थस्थलहरू रूपन्देहीको रामघाट, तनहुँको देवघाट, नवलपरासीको त्रिवेणी, गुल्मीको रिडी, पाल्पाको राम्दी, मुस्ताङको मुक्तिनाथ, प्यूठानको स्वर्गद्वारी, काठमाडौंको सुन्दरीजल, पशुपतिनाथ तथा छिमेकी राष्ट्र भारतका गंगा, जमुना, काशी, गया, हरिद्धारलगायतका स्थानहरूबाट जल ल्याई हजारौं श्रद्दालु भक्तजनहरूले जलापर्ण गर्ने गर्दछन्।

धाममा आउने श्रदालु भक्तजनहरूलाई सहज, सरल र व्यवस्थित किसिमले पूजाअर्चना गर्न सुरक्षा व्यवस्थालाई पनि चुस्तदुरूस्त पारिएको समितिले जानएको छ भने विभिन्न समिति, उप-समिति, स्वयंसेवक, आमासमूह, क्लबहरूको सहकार्यमा धाममा आउने भक्तजनहरूको सेवा र मन्दिर सरसफाइको गरिएको छ।

धाममा साउन महिनाभर लाग्ने श्रावणी मेलामा २ सय बढी स्टल रहनेछन् । जसमा बालउद्यान, मिष्ठान्न, पूजाका सामग्री, कस्मेटिक पसलहरू रहेका छन्।

श्रावण ६ गते गुरुपूर्णिमादेखि सुरु भएको श्रावणी मेला तथा जलार्पण कार्यक्रम भदौ ३ गते जनैपूर्णिमासम्म चल्नेछ ।

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# एक सय २६ जना मोतियाबिन्दुको नि:शुल्क शल्यक्रिया



**गौरीशंकर जयसवाल**
*परासी*

बर्दघाट नगरपालिकाले मोतियाबिन्दु भएका १ सय २६ जना नगरबासिको निःशुल्क शल्यक्रिया गरिदिएको छ। नगरपालिकाले गत आर्थिक वर्षमा परासीमा रहेको विनोद निता कण्डेल आँखा अस्पतालसँग सम्झौता गरी उपचारमा लागेको खर्च नगरले बेहोर्ने निर्णय गरी ७ लाख रुपैयाँ बिनियोजन गरिएको थियो। सोही अनुरूप १ सय २६ जना नागरिकको मोतियाबिन्दुको सफल शल्यक्रिया गरी लाभ लिएको अस्पतालले जनाएको छ।

अधिकांश जेष्ठ नागरिकहरू यसबाट लाभान्वित भएका छन्। शल्यक्रियाका लागि प्रतिव्यक्ति ५ हजार ४ सय रुपैयाँ खर्च भएको अस्पताल प्रशासनले जानकारी दिएको छ।

'गरिब विपन्न नागरिकहरूले पैसाकै कारण दृष्टि गुमाउन नपरोस् भन्ने उद्देश्यले यो कार्यक्रम ल्याएका हौं, लक्षित व्यक्तिहरूका लागि प्रभावकारी नै बनेको छ भन्ने विश्वास लिएका छौं।'-बर्दघाट नगरपालिकाका नगरप्रमुख शम्भुलाल श्रेष्ठले भने।

अस्पतालले पठाएको रेकर्ड अनुसार बिनियोजित रकमबाट झण्डै तिनलाख रुपैयाँ मात्रै खर्च भएको नगरपालिकाका लेखा अधिकृत विष्णुलाल पुरीले जानकारी दिए।

# 'ट्रंकलाइन' विवाद मन्त्रिपरिषद्‌बाट निकास




बुटवल। सरकारले नेपाल विद्युत् प्राधिकरण र उद्योगीबीच नौ वर्षदेखि जारी 'डेडिकेटेड' र 'ट्रंकलाइन' विवादबारे मन्त्रिपरिषद्‌बाट नै निकास निकाल्ने भएको छ।

ऊर्जामन्त्री दीपक खड्काले छिट्टै डेडिकेटेड र ट्रंकलाइन विवादबारे मन्त्रिपरिषद्‌ले केही निकास निकाल्ने बताए।

'डेडिकेटेड र ट्रंकलाइन विवादमा छिट्टै मन्त्रिपरिषद्‌ले केही निकास निकाल्न सक्छ,' ऊर्जामन्त्री खड्काले भने-'यस सम्बन्धमा प्राधिकरण सञ्चालक समितिको बैठक पनि बसेको छ।'

विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रंकलाइन विवादमा काटिएको ६ वटा उद्योगको लाइन जोडिदिन निर्देशन दिए पनि विद्युत् प्राधिकरणले अटेर गरेको छ।

सोमबार बसेको प्राधिकरण सञ्चालक समिति बैठकमा कार्यकारी निर्देशक कुलमान घिसिङले नै आयोगको निर्देशन कार्यान्वयन गर्ने निर्णयमा असहमति जनाएका थिए।

मन्त्रिपरिषद्‌ले गरेको निर्णयका आधारमा लाइन काटेकाले नियमन आयोगको पत्रका आधारमा अहिले जोड्न नसकिने तर्क घिसिङले राखेका थिए। यो विषय नियमन आयोगको क्षेत्राधिकारमा पर्ने कि नपर्ने भन्ने प्रश्न घिसिङले गरेका थिए।

डेडिकेटेड र ट्रंकलाइनको बिल भुक्तानी नगरेको भन्दै प्राधिकरणले ६ उद्योगको लाइन काटिदिएको थियो।

डेडिकेडेट फिडर र ट्रंक लाइनमार्फत वितरण गरिएको विद्युत् महसुल दरको भुक्तानीलाई लिएर २०७५ सालदेखि विद्युत् प्राधिकरण र उद्योगीहरूबीच विवाद जारी छ। यही विवादका कारण पटक-पटक उद्योगीहरूको लाइन काटिँदै आएको छ।

# लुम्बिनीमा "बुद्धिष्ट वर्ल्ड टुरिजम मार्केट" आयोजना हुने



भैरहवा। लुम्बिनीकालागि सद्भावनादूत एवम् पर्यटन व्यवसायी बिक्रम पाँडे काजीको अगुवाइमा लुम्बिनीमा बुद्धिष्ट वर्ल्ड टुरिजम मार्केटको आयोजनामा हुने भएको छ। लुम्बिनीसँगै यस आसपास रहेको अन्य पर्यटकीय स्थलहरूको प्रचार प्रसार गर्ने उद्देश्यसहित कार्यक्रमको आयोजना गरिने भएको हो।

सोमबार भैरहवामा आयोजित अन्तरक्रिया कार्यक्रममा पर्यटन व्यवसायी पाँडेले लुम्बिनीसँगै यससँग जोडिएर रहेका अन्य बुद्धिष्ट सर्किट तथा लुकेका पर्यटकीय स्थलहरूको पहिचान गराउने उद्देश्यसहित कार्यक्रमको आयोजना गरिएको बताए। "लुम्बिनीमात्र हैन यो क्षेत्रमा रहेको प्रायः सबै स्थान गौतमबुद्धसँग जोडिएर रहेको छ," पाँडेले भने-"गौतमबुद्ध अभिनिष्क्रमणपछि भैरहवा, रोहिणी नदीपार गर्दै अनोमा नदी हुँदै गएकोले यी सबै क्षेत्रहरूमा उच्च पर्यटकीय सम्भावना रहेको छ। यी सबैको प्रवर्द्धन गर्ने मेरो उद्देश्य रहेको छ।"

कपिलवस्तुमा महाअभिनिष्क्रमण दिवस मनाउने गरिएको बताउँदै उनले यसलाई जोडेर भैरहवा हुँदै त्रिवेणीसम्म पुऱ्याउन सकिने उनले बताए। यसको लागि आफ्नो प्रयासमा स्थानीय पर्यटन व्यवसायीहरूको सहयोग आवश्यक रहेको उनको भनाइ थियो।

उनको प्रस्तावमा भैरहवाका व्यवसायीहरूले सकारात्मक भएको बताएका छन्। पर्यटन व्यवसायी किशोर जोशीले लुम्बिनी नजिक भएर पनि उपेक्षित रहेको भैरहवालाई बुद्धसँग जोड्न सकिने बताए। उनले रोहिणी नदीलाई प्रवर्द्धन गरी यसैको माध्यमबाट यस क्षेत्रको पर्यटकीय गतिविधि बढाउन सकिने जनाए।

यस्तै सिद्धार्थ सञ्जाल रूपन्देहीका अध्यक्ष अनिल ज्ञवालीले पर्यटन र यस क्षेत्रको आर्थिक क्षेत्र चलायमान बनाउन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न अपरिहार्य रहेको बताउँदै यसमा सबै लाग्न आग्रह गरे।

नयाँनयाँ पर्यटकीय स्थल तथा पर्यटकीय गतिविधिहरू गर्न रूचाउने विक्रम पाँडे काजीले लुम्बिनी र तिलौराकोटको बीचमा मायादेवी माइत हिंडेको बाटोलाई मायादेवी सुत्केरी मार्ग नामाकरण गरी यसको प्रवर्द्धनमा पनि लागेका छन्। करिब ३९ किलोमिटर लामो यस मार्गमा यसै वर्षदेखि "मायादेवी सुत्केरी मार्ग म्याराथुन" को आयोजना गरिने उनले जानकारी दिए।

# राष्ट्रिय एकताका लागि नयाँ सरकार : ज्ञवाली



गुल्मी। नेकपा एमालेका केन्द्रीय उप-महासचिव प्रदिपकुमार ज्ञवालीले महत्त्वपूर्ण राजनीति कोर्स परिवर्तन गरी विकासको गतिलाई तीव्रता दिन र नेपालको राष्ट्रिय एकताका लागि नयाँ सरकार गठन भएको दाबी गरेका छन्।

सोमबार गुल्मीको सदरमुकाम तम्घासमा प्रेस चौतारी गुल्मीले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले त्यस्तो दाबी गरेका हुन्। 'निरन्तर अस्थिरता तिर जाने क्रम भयो,' माओवादी केन्द्रलाई लक्षित गरी उनले भने -'३२ सिटेको जादुयी नम्बर प्रयोग गरी मैले सत्ता टिकाइरहन सक्छु भन्ने विषङ्गत रूपमा प्रयोग गरिएको थियो।'

सरकार परिवर्तन मात्रै होइन, मुलुको अवस्था पनि परिवर्तन गर्ने हो। शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने, सुशासन र राजनीतिक स्थायित्व कायम गर्ने उनको अर्को दाबी थियो।

गहिरो आर्थिक शिथिलताबाट गुज्रिरहेको छ। युवालाई उद्यमशिलताका लागि आवश्यक वातावरण सिर्जना गर्नपर्छ। स्ट्यान्डर्डका लागि गरिएको हल्ला मात्रै भएको उनको भनाइ छ।

कार्यक्रममा नेकपा एमाले गुल्मीका अध्यक्ष बालसिंह काउछाले वार्षिक कार्ययोजना सार्वजनिक गरेका थिए। १२ वटै पालिका कमिटीको अधिवेशन गर्ने निर्णय गरिएको उनले जानकारी दिए।


## राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं।

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।

- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,

-मितव्ययी बनौं, फजुल खर्च नगरौं,

-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई नित्साहित गरौं,

-अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## साझा विज्ञापन दररेट सार्वजनिक गरिएको सूचना

दैनिक लुम्बिनी | दैनिक पत्र | तिलोत्तमा | मेचीकाली सन्देश | बुटवल टुडे

पत्रकारितामा मोफसलको राजधानी बुटवलबाट प्रकाशित हुँदै आएका नेपाल सरकार प्रेस काउन्सीलद्वारा राष्ट्रिय स्तरमा सूचिकृत लुम्बिनी प्रदेशमा सर्वाधिक विक्रि हुने पत्रपत्रिकाहरु दैनिक लुम्बिनी, मेचिकाली सन्देश दैनिक, दैनिक पत्र दैनिक, बुटवल टुडे दैनिक र नव तिलोत्तमा दैनिकले आर्थिक वर्ष २०८१/८२ को लागि साउन देखी लागु हुनेगरि विज्ञापनको साझा दररेट निम्नानुसार हुने व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| पृष्ठ | गैर सरकारी (प्रति कोलम से.मी) | | सरकारी विज्ञापन (प्रति कोलम से.मी.) | |
|---|---|---|---|---|
| | रंगीन | श्यामस्वेत | रंगीन | श्यामस्वेत |
| पहिलो पृष्ठ | ८०० | ७०० | १४०० | १२०० |
| अन्तिम पृष्ठ | ७०० | ६०० | | |
| भित्रि पृष्ठ | ६०० | ५०० | | |

एयर प्यानल — रू. २००० प्रति अंक
राहदानी हराएको सूचना — रू २००० प्रति राहदानी
वर्गीकृत डिस्प्ले — कलर रु ७००, श्यामश्वेत रु ५०० प्रति अंक

नोट : विज्ञापनको प्रकृति, परिमाण, अग्रिम भुक्तानीको आधारमा छुटको सुविधा प्रदान गरिनेछ।

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्

सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
## आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com